जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २४२ | २०८३ साल बैशाख 0४ गते शुक्रवार | Friday-17-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## बाराबाट हुने तस्करीमा भारतीय प्रहरीको पर्दाफास

***शु. आ. सम्बाददाता***
***बारा, ०३ वैशाख***

भारत-नेपाल सीमासँग जोडिएको बारा जिल्लाको सीमाक्षेत्रमा भारतीय सुरक्षा निकायको सक्रियताले पछिल्लो समय तस्करीविरुद्ध उल्लेखनीय सफलता हासिल गरेको छ। सशस्त्र सीमा बल (क्क्ष्य) र भारतीय प्रहरीको संयुक्त अपरेशनमार्फत लागूऔषध, पशु तथा मल तस्करीका घटनाहरू पर्दाफास भएका हुन्।




एसएसबीको ७१औं बटालियनबाट प्राप्त गोप्य सूचनाका आधारमा बिहार प्रहरीसँग मिलेर गरिएको कारबाहीमा ४ किलोग्राम अफिमसहित दुई जनालाई पक्राउ गरिएको छ। पक्राउ पर्नेमा पर्सा जिल्ला निवासी ५७ वर्षीय चन्देश्वर महतो कोइरी र पश्चिम चम्पारण का ६६ वर्षीय झग्गु महतो रहेका छन्। एसएसबी मुख्यालय पिपराकोठीका सहायक कमाण्डेन्ट विश्वजित तिवारीका अनुसार उनीहरूको शरीर तलासीका क्रममा ४ वटा प्याकेटमा लुकाइ राखिएको अवस्थामा अफिम बरामद गरिएको हो। उनीहरूबाट ३ थान मोबाइल फोनसमेत फेला परेको छ। प्रारम्भिक अनुसन्धानमा उक्त अफिम मोतीहारी बाट दिल्ली पुऱ्याउने योजना रहेको खुलेको छ। पक्राउ परेका दुवैजनालाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी थप अनुसन्धानका लागि पिपराकोठी प्रहरी चौकीमा बुझाइएको जनाइएको छ। यसैबीच, अर्को अपरेशनमा एसएसबी टोलीले बिहीबार बिहान करिब २ बजे सीमाक्षेत्रबाट १५ वटा गाई-बाछा नियन्त्रणमा लिएको छ। बारा जिल्लासँग जोडिएको इनरवा (लरहटोला) क्षेत्रबाट भारततर्फ अवैध रूपमा लैजाँदै गरेका ५ वटा गाई र १० वटा बाछा बरामद गरिएको हो। एसएसबी प्रवक्ता बिनित कुमार सिंहका अनुसार बरामद पशुहरूलाई आवश्यक प्रक्रिया पूरा गरी आदापुर प्रहरी कार्यालयमा बुझाइएको छ।

त्यसैगरी, सोही दिन बिहान करिब ६:१५ बजे इन्टेलिजेन्स सूचनाका आधारमा एसएसबी ७१औं बटालियन अन्तर्गत बिओपी बरहरवा टोलीले विशेष गस्ती सञ्चालन गर्दा ठूलो परिमाणमा युरिया मल बरामद गरेको छ। सीमा स्तम्भ नम्बर ३६०/०५ नजिक रेगनिया गाउँ आसपासबाट नेपालतर्फ तस्करी गरिँदै गरेको अवस्थामा ४५-४५ केजीका २८ बोरा युरिया मल फेला परेको हो। घटनास्थलबाट कोही पनि पक्राउ पर्न नसकेको र तस्करहरू सामान छोडेर फरार भएको अनुमान गरिएको छ। बरामद मल आवश्यक प्रक्रिया पूरा गरी मोतीहारी भन्सार कार्यालयमा बुझाइएको छ।

सीमाक्षेत्रमा पछिल्लो समय लागूऔषध, पशु तथा मल तस्करीका घटनाहरू बढ्दै गएपछि भारतीय सुरक्षा निकायले निगरानी अझ कडा बनाएको जनाएको छ। निरन्तर सञ्चालन गरिएका यस्ता अपरेशनले अवैध गतिविधिमा संलग्न समूहहरूलाई चुनौती थपिएको सुरक्षा अधिकारीहरूको भनाइ छ।

यस घटनाक्रमले बारा जिल्लाबाट हुने सीमापार तस्करीलाई भारतीय पक्षले प्रभावकारी रूपमा नियन्त्रण तथा पर्दाफास गरिरहेको देखाएको छ, जसले सीमा सुरक्षामा नयाँ सन्देश दिएको छ।

## बाराका दुई नगरपालिकामा नयाँ प्रमुख प्रशासकीय अधिकृत, सेवा प्रवाहमा सुधारको अपेक्षा

शु.आ. सम्बाददाता
बारा, ०३ बैशाख

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ले स्थानीय तहको प्रशासनिक नेतृत्वलाई सुदृढ बनाउने उद्देश्यसहित २३ जना उपसचिवहरूको सरुवा गरेको छ। यस सरुवासँगै बारा जिल्लाका दुई नगरपालिकाले नयाँ प्रमुख प्रशासकीय अधिकृत पाएका छन्।




मन्त्रालयको चैत ३० गतेको निर्णयअनुसार वैशाख ३ गते सार्वजनिक गरिएको सूचीमा सिम्रौनगढ नगरपालिका मा प्रमुख प्रशासकीय अधिकृतको रूपमा नवराज अधिकारीलाई खटाइएको छ। अधिकारी यसअघि रक्षा मन्त्रालय मा कार्यरत थिए। लामो समयदेखि प्रशासनिक अन्योल र नेतृत्व अभाव झेल्दै आएको सिम्रौनगढले उपसचिवस्तरको स्थायी नेतृत्व पाएपछि अब विकास निर्माण तथा सेवा प्रवाहमा गति आउने अपेक्षा गरिएको छ। त्यसैगरी, पचरौता नगरपालिका को प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी श्रीधर पन्थीलाई दिइएको छ। पन्थी यसअघि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मै कार्यरत थिए। उनको अनुभव र मन्त्रालयसँगको नजिकको समन्वयले स्थानीय तहमा प्रशासनिक कामकारबाहीलाई प्रभावकारी बनाउने विश्वास गरिएको छ।

दुवै नगरपालिकामा यसअघि पनि उपसचिव स्तरका अधिकृत खटाइए पनि विभिन्न कारणले उनीहरू लामो समय टिक्न सकेका थिएनन्। जसका कारण स्थानीय तहमा नीतिगत निर्णय, योजना कार्यान्वयन तथा सेवा प्रवाहमा अवरोध देखिँदै आएको थियो।

यसपटक खटाइएका नयाँ अधिकृतहरू आफ्नो कार्यक्षेत्रमा कति समयसम्म स्थिर रहन्छन् भन्ने चासो स्थानीय स्तरमा बढेको छ। यदि उनीहरू दीर्घकालीन रूपमा कार्यरत रहन सके, भने प्रशासनिक स्थायित्वसँगै विकास निर्माणका कामले गति लिने र सेवाग्राहीले सहज रूपमा सेवा प्राप्त गर्ने अपेक्षा गरिएको छ।

स्थानीय सरोकारवालाहरूले भने नयाँ नेतृत्वले पारदर्शिता, जवाफदेहिता र प्रभावकारी सेवा प्रवाहमा ध्यान दिनुपर्नेमा जोड दिएका छन्। साथै, संघीय सरकार र स्थानीय तहबीच समन्वय मजबुत बनाउँदै जनमुखी प्रशासन सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याइएको छ।

## पाँचौं परवानीपुर गोल्डकपको तयारी पूरा, वैशाख ५ देखि प्रतिस्पर्धा

***शु. आ. सम्बाददाता***
***बारा, ०३ बैशाख***

पाँचौं परवानीपुर गोल्डकप फुटबल प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको आयोजकले जनाएको छ। बिहीबार बिहान परवानीपुर खेल मैदानमा आयोजित पत्रकार सम्मेलनमार्फत शक्ति युवा क्लबले वैशाख ५ देखि १२ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको तयारी सकिएको जानकारी दिएको हो।




एक सातासम्म चल्ने प्रतियोगितामा भारतको एक टोलीसहित नेपालका ७ गरी कुल ८ वटा टिम सहभागी हुनेछन्। प्रतियोगिताका संयोजक संजय मण्डलका अनुसार आयोजक शक्ति युवा क्लब, वीरगंज युनाइटेड क्लब, वीरगंज युथ क्लब, रिगल हेटौडा एन्फा क्लब, नव जन जागृति युवा क्लब सिमरा, चिडिया दह क्लब रौतहट, निजगढ फुटबल क्लब र यंग स्टार क्लबले प्रतिस्पर्धा गर्नेछन्।

"राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद" भन्ने नारासहित सञ्चालन हुने प्रतियोगिता करिब १७ लाख रुपैयाँको लागतमा आयोजना हुन लागेको सहसंयोजक दिपक यादवले बताए। उनका अनुसार खेलहरू दैनिक साँझ ३ बजेदेखि ५ बजेसम्म सञ्चालन हुनेछन्।

प्रतियोगितामा विजेतालाई २ लाख रुपैयाँ र उपविजेतालाई १ लाख रुपैयाँ नगद पुरस्कार प्रदान गरिने आयोजक क्लबका अध्यक्ष सुबोध श्रीवास्तवले जानकारी दिए। साथै उत्कृष्ट डिफेन्डर, फरवार्ड, प्रत्येक खेलका उत्कृष्ट खेलाडी तथा समग्र प्रतियोगिताका उत्कृष्ट खेलाडीलाई समेत नगद पुरस्कार प्रदान गरिनेछ। प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई ५ हजार १०० रुपैयाँ नगद पुरस्कार दिइनेछ।

प्रतियोगितालाई सभ्य र भव्य रूपमा सम्पन्न गर्न आयोजकले स्थानीय जनप्रतिनिधि, सुरक्षा निकाय, उद्योगी-व्यवसायी, खेलप्रेमी तथा सञ्चारकर्मीहरूलाई सहयोगका लागि आह्वान गरेको छ।

पत्रकार सम्मेलनमा क्लबका उपाध्यक्ष हुलास यादव, महासचिव ध्रुव साह, कोषाध्यक्ष सोनालाल मण्डल, प्रशिक्षक

*बाँकी तेश्रो पृष्ठमा*

## साना सामानमै भन्सार र भारतीय सवारीमा कडाइः मधेशमा दोहोरो मार

***शु. आ. सम्बाददाता***
***बारा, ०३ बैशाख***

सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकहरू अहिले सरकारका दुई फरक नीतिका कारण दोहोरो मारमा परेका छन्। साना परिमाणका सामानमा समेत भन्सार लगाउने निर्णय र भारतीय नम्बर प्लेटका सवारी साधनमाथि गरिएको कडाइले मधेश-तराई क्षेत्रको जनजीवन प्रभावित भएको भन्दै व्यापक असन्तुष्टि देखिएको छ।




सीमाक्षेत्रका नागरिकहरूका अनुसार एक सय रुपैयाँ बराबरको सामानमा समेत भन्सार तिर्नुपर्ने व्यवस्थाले दैनिक उपभोगमै समस्या सिर्जना गरेको छ। वर्षौंदेखि भारतसँग खुला आवतजावत गर्दै सामान्य किनमेल गर्ने चलन रहेको अवस्थामा यस्तो कडाइले जनताको दैनिकीमा प्रत्यक्ष असर पारेको गुनासो छ।

नेपाली कांग्रेस बारा जिल्ला सचिव राजेश रौनियार यस्तो नीतिले सीमावर्ती क्षेत्रका नागरिकमाथि अनावश्यक आर्थिक बोझ थपिएको बताएका छन्। उनका अनुसार सानातिना सामानमा समेत भन्सार लगाउनु अव्यावहारिक र जनविरोधी निर्णय हो।

उनले भने, "सीमावर्ती क्षेत्रका नागरिकले वर्षौंदेखि सामान्य किनमेल गर्दै आएका छन्। यस्तो अवस्थामा सानो रकमको सामानमा समेत भन्सार लगाउनु जनताको दैनिकीमाथि प्रत्यक्ष आघात हो।"

यसै विषयमा मनिष कुमार मिश्रले पनि सरकारको नीतिप्रति आपत्ति जनाएका छन्। उनले सीमावर्ती क्षेत्रका किसान र सर्वसाधारणलाई राहत दिनुपर्नेमा उल्टै कडाइ गरिएको आरोप लगाए। यसैबीच, भारतीय नम्बर प्लेटका सवारी साधनमाथि गरिएको कडाइले समस्या झनै जटिल बनाएको स्थानीयको भनाइ छ। नेपालमा सवारी साधनको उच्च मूल्य र करका कारण धेरैले भारतीय आफन्तको नाममा सवारी खरिद गरी प्रयोग गर्दै आएका थिए। तर हाल प्रशासनले त्यस्ता सवारी साधनमाथि कडाइ गरेपछि दैनिक आवागमन, सानो व्यापार र पारिवारिक भेटघाटमा अवरोध सिर्जना भएको छ।

नेपाल-भारतबीचको सम्बन्ध केवल राजनीतिक सीमामा सीमित नभई सांस्कृतिक र पारिवारिक रूपमा गहिरो रहेको छ। "बेटी-रोटी" सम्बन्धका कारण सीमा वारिपारि वैवाहिक तथा

*बाँकी तेश्रो पृष्ठमा*

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम बिहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुबे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

### सीमामा कडाइ, तर तस्करी उस्तैः सर्वसाधारण मारमा, ठूला ब्यापारी फाइदामा

सरकारले सीमा क्षेत्रमा सुरक्षा कडाइ गर्ने, तस्करी नियन्त्रण गर्ने र राजस्व चुहावट रोक्ने उद्देश्यले पटक-पटक विभिन्न कदम चालेको दाबी गर्दै आएको छ । प्रहरी र सशस्त्र प्रहरीको उपस्थिति बढाइएको छ, चेकपोस्टहरु सक्रिय बनाइएका छन्, र अनुगमन तथा निगरानीका नाममा विभिन्न अभियानहरु पनि सञ्चालन भइरहेका छन् । तर ब्यवहारमा भने तस्करीको जालो अझै कमजोर भएको देखिँदैन ।

सीमा क्षेत्रमा कडाइ बढे पनि अवैध ब्यापार पूर्ण रुपमा रोकिएको छैन । बरू कतिपय अवस्थामा तस्करीका स्वरुप मात्र परिवर्तन भएका छन् । साना ब्यापारी र दैनिक उपभोग्य वस्तुमा निर्भर सर्वसाधारणले अनावश्यक झन्झट, ढिलाइ र अतिरिक्त खर्च ब्यहोर्नु परेको छ भने ठूला अवैध सञ्जाल सञ्चालन गर्ने समूहहरु अझै सुरक्षित रुपमा सक्रिय रहेको आरोप लाग्ने गरेको छ ।

यस अवस्थाले नीति कार्यान्वयनमा देखिएको कमजोरी मात्र होइन, नियन्त्रण प्रणालीभित्रकै सम्भावित मिलेमतो र असमान ब्यवहारको प्रश्न पनि उठाएको छ । सीमामा कडाइको भार प्रायः सामान्य नागरिक र साना ब्यवसायीले मात्र बेहोर्नु पर्ने अवस्था दीर्घकालीन रुपमा न्यायोचित मान्न सकिँदैन ।

यदि नियन्त्रण प्रणाली प्रभावकारी हुन सकेको भए अवैध कारोबारको मुख्य सञ्जालसम्म पुगेर कडाइ गर्न सकिन्थ्यो । तर अहिले देखिएको स्थिति भने सानो स्तरको कारोबारमा कडाइ र ठूला नेटवर्कमा सहुलियत जस्तो देखिनु चिन्ताजनक विषय हो । सरकारले अब केवल कडाइको घोषणा होइन, परिणाममुखी अनुगमन र निष्पक्ष कार्यान्वयनमा ध्यान दिन आवश्यक छ । सीमा सुरक्षाको नाममा सर्वसाधारणलाई दुःख दिने होइन, वास्तविक तस्करी सञ्जाललाई तोड्ने ठोस रणनीति आवश्यक छ । अन्यथा, कागजमा देखिएको कडाइ र ब्यवहारमा देखिएको तस्करीबीचको खाडल अझै बढ्दै जानेछ ।

# आर्थिक रुपान्तरणमा नीतिदेखि ब्यवहारसम्म



**अक्षितराज पौड्याल**

नेपालको आर्थिक रूपान्तरणको बहस अब केवल नीतिगत घोषणामा सीमित रहनुहुँदैन । रोजगारी सिर्जना, निर्यात वृद्धि र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि प्रविधिमैत्री, व्यावहारिक र कार्यान्वयनयोग्य नीति अपरिहार्य भइसकेको छ। नीति बनाउने परम्परा नेपालमा पुरानो छ तर परिणाम दिने कार्यान्वयन अझै कमजोर देखिन्छ । त्यसैले अबको बहस 'के गर्ने ?' भन्दा पनि 'कसरी गर्ने ?'मा केन्द्रित हुनु आवश्यक छ ।

नेपाल अहिले एक जटिल संक्रमणकालीन मोडमा उभिएको छ। आर्थिक वृद्धि अपेक्षाअनुसार गतिशील हुन सकेको छैन, उत्पादनमूलक क्षेत्रको विस्तार सुस्त छ र ठूलो संख्यामा युवा जनशक्ति रोजगारीको खोजीमा विदेश पलायन भइरहेका छन् । यसले देशभित्रको उत्पादन क्षमता मात्र होइन, सामाजिक संरचना र दीर्घकालीन विकास सम्भावनालाई पनि असर गरिरहेको छ । सार्वजनिक सेवा प्रवाहप्रति बढ्दो असन्तुष्टि र शासन प्रणालीप्रति घट्दो विश्वासले राज्य र नागरिकबिचको सम्बन्धलाई अझ चुनौतीपूर्ण बनाइरहेको छ।

प्रशासनिक क्षमता र नीतिगत स्पष्टता : हालै निर्वाचित नयाँ सरकारप्रति नागरिकमा केही आशा र अपेक्षा देखिएको छ। तर, यथार्थ के हो भने सरकार विद्यमान प्रशासनिक संरचना, कार्यशैली र संस्थागत क्षमताभित्रै रहेर काम गर्न बाध्य छ । त्यसैले केवल नेतृत्व परिवर्तनले मात्र तत्काल परिणाम दिन सक्दैन । जबसम्म सरकारी संयन्त्रको कार्यसम्पादन क्षमता सुदृढ हुँदैन, तबसम्म अपेक्षित परिवर्तन सम्भव हुँदैन ।

समयअनुकूल नयाँ नीतिहरू आवश्यक छन्, तर ती नीतिहरू प्रभावकारी बन्न स्पष्ट कार्यान्वयन योजना, उत्तरदायित्व निर्धारण र परिणाममुखी अनुगमन प्रणाली अनिवार्य हुन्छन् । नेपालमा नीति, योजना र रणनीतिहरूको अभाव छैन तर तिनको कमजोर कार्यान्वयनकै कारण अपेक्षित परिणाम हासिल हुन सकेको छैन। त्यसैले आजको सबैभन्दा ठूलो चुनौती नयाँ नीति बनाउनेभन्दा पनि विद्यमान नीतिहरूलाई व्यवहारमा रूपान्तरण गर्ने क्षमता विकास गर्नु हो । सरकारले परिणाममुखी शासन प्रणालीलाई प्राथमिकता दिनुपर्छ । प्रत्येक मन्त्रालय र सार्वजनिक निकायले स्पष्ट लक्ष्य, समयसीमा र जिम्मेवारी निर्धारण गर्नुपर्छ । कार्यसम्पादनमा आधारित मूल्यांकन प्रणाली लागू गर्दै डिजिटल प्रविधिमार्फत प्रगति अनुगमनलाई सुदृढ बनाउन सकिन्छ । परियोजनाहरूको प्रगति, बजेट खर्च र उपलब्धिहरू सार्वजनिक रूपमा नियमित साझा गरिँदा पारदर्शिता बढ्नेछ र नागरिकको विश्वास पुनर्निर्माणमा सहयोग पुग्नेछ।

उत्पादन र रोजगारी - अर्थतन्त्रको मेरुदण्ड : आर्थिक संरचनाको दृष्टिले हेर्दा नेपाल अझै पनि रेमिट्यान्समा अत्यधिक निर्भर छ, जुन दीर्घकालीन रूपमा दिगो आधार होइन । रेमिट्यान्सले तत्काल उपभोगलाई सहयोग गरे पनि उत्पादन वृद्धि र रोजगारी सिर्जनामा यसको प्रत्यक्ष योगदान सीमित छ । त्यसैले अब देशभित्र उत्पादन वृद्धि, मूल्य अभिवृद्धि र रोजगारी सिर्जनामा केन्द्रित नीति आवश्यक छ । कृषि क्षेत्र नेपालको अर्थतन्त्रको आधार हो, तर यसको उत्पादकता र व्यावसायिकता अझै सीमित छ। परम्परागत आत्मनिर्भर खेती प्रणालीबाट बजारमुखी र व्यावसायिक उत्पादन प्रणालीतर्फ रूपान्तरण गर्नुपर्छ। क्लस्टर वा जोनमा आधारित कृषि विकास, कन्ट्र्याक्ट फार्मिङ र कृषक समूह तथा सहकारीमार्फत उत्पादन विस्तार गर्न सकिन्छ। आधुनिक प्रविधि–जस्तै ड्रिप सिँचाइ, ग्रिनहाउस, हाइड्रोपोनिक्स र डिजिटल सूचना प्रणाली–को प्रयोगले उत्पादन वृद्धि गर्नुका साथै लागत घटाउन मद्दत गर्छ ।

यससँगै 'एग्रो-प्रोसेसिङ' उद्योगको विकास अपरिहार्य छ। कच्चा उत्पादन मात्र बेच्ने अभ्यासबाट अघि बढ्दै मूल्य अभिवृद्धि गर्न सके कृषकको आम्दानी उल्लेखनीय रूपमा बढ्न सक्छ । भण्डारण, कोल्ड स्टोरेज, वेयरहाउस र आपूर्ति शृंखला सुधार नगरी कृषि क्षेत्रको पूर्ण सम्भावना उपयोग गर्न सकिँदैन। साथै, डिजिटल मार्केटप्लेस, कृषक बजार र प्रत्यक्ष बिक्री प्रणालीमार्फत कृषकलाई उपभोक्तासँग जोड्दा उचित मूल्य सुनिश्चित गर्न सकिन्छ ।

पर्यटनको नयाँ आयाम - वेलनेस टुरिज्म : पर्यटन क्षेत्रमा पनि अब केवल आगन्तुक संख्या बढाउने लक्ष्य पर्याप्त छैन । दीर्घकालीन आर्थिक लाभका लागि उच्च मूल्यमा आधारित सेवा विस्तार गर्न आवश्यक छ । नेपालको विशिष्ट पहिचान–आध्यात्मिकता, प्राकृतिक शान्ति र परम्परागत जीवनशैली–लाई आधार बनाएर वेलनेस टुरिज्मको विकास गर्न सकिन्छ । नेपाल प्राचीनकालदेखि नै ध्यान, योग र आध्यात्मिक अभ्यासहरूको केन्द्र रहँदै आएको छ । यही सांस्कृतिक सम्पदालाई आधुनिक वेलनेस टुरिज्मसँग जोडेर नयाँ अवसर सिर्जना गर्न सकिन्छ । योग र ध्यान शिविर, आयुर्वेदिक उपचार, प्राकृतिक चिकित्सा तथा मानसिक स्वास्थ्य पुनर्स्थापना कार्यक्रमहरूले नेपाललाई उच्च मूल्यको पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न सक्छन् । यसले पर्यटन मात्र होइन, स्वास्थ्यसेवा र औषधि उत्पादन क्षेत्रमा पनि नयाँ सम्भावना खोल्नेछ।

औद्योगिक विकास र प्रविधिमैत्री पूर्वाधार : साना तथा मझौला उद्योगहरू आर्थिक विकासका मेरुदण्ड हुन् । यस्ता उद्योगलाई सहुलियतपूर्ण ऋण, प्रविधि हस्तान्तरण र बजार पहुँच उपलब्ध गराउन सकेमा स्थानीय स्तरमै रोजगारी सिर्जना गर्न सकिन्छ । साथै, वैदेशिक लगानी आकर्षित गर्न नीतिगत स्थायित्व, कानुनी स्पष्टता र प्रशासनिक प्रक्रियामा सरलता अनिवार्य छ । अहिलेको जटिल र समयखपत गर्ने प्रक्रिया सुधार नगरी लगानीमैत्री वातावरण निर्माण सम्भव छैन ।

सुशासन र भ्रष्टाचार नियन्त्रण विश्वास पुनर्स्थापनाको आधारभूत पक्ष हो । भ्रष्टाचारले केवल आर्थिक क्षति मात्र पुऱ्याउँदैन, यसले राज्यप्रतिको विश्वासलाई पनि कमजोर बनाउँछ। 'ई-गभर्नेन्स, 'प्रोकुर्मेन्ट र 'केपीआई'मा आधारित ट्र्याकिङ प्रणालीमार्फत पारदर्शिता र दक्षता दुवै बढाउन सकिन्छ । डिजिटल ड्यासबोर्ड र नियमित समीक्षा प्रणालीमार्फत मात्र नीति कार्यान्वयनलाई परिणाममुखी बनाउन सकिन्छ।

शिक्षा र स्वास्थ्य क्षेत्र दीर्घकालीन विकासका आधार हुन्। नेपालको शिक्षा प्रणाली अझै पनि श्रम बजारको आवश्यकतासँग पूर्ण रूपमा मेल खाँदैन । त्यसैले पाठ्यक्रम सुधार, व्यावहारिक शिक्षा र उद्योगसँगको सहकार्य बढाउनु आवश्यक छ । प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गर्दै युवालाई रोजगारयोग्य सीप प्रदान गर्न सकिन्छ । स्वास्थ्य क्षेत्रमा पनि सेवा पहुँच र गुणस्तर सुधार गर्दै स्थानीय तहसम्म प्रभावकारी सेवा सुनिश्चित गर्न आवश्यक छ ।

चौथो औद्योगिक क्रान्ति र नेपालको तयारी : यी आधारभूत सुधारहरूसँगै अब नेपालको आर्थिक रूपान्तरणको बहस औद्योगिक विकासतर्फ केन्द्रित हुनुपर्छ। विश्व अहिले चौथो औद्योगिक क्रान्तिको चरणमा प्रवेश गरिसकेको छ, जहाँ कृत्रिम बुद्धिमत्ता, स्वचालन र डाटा-आधारित प्रविधिले उत्पादन प्रणालीलाई पुनर्परिभाषित गरिरहेका छन् । यस्तो अवस्थामा नेपालले परम्परागत औद्योगिक ढाँचामा सीमित रहनु दीर्घकालीन रूपमा घाटाजनक हुन सक्छ। 'स्मार्ट उद्योग, आत्मनिर्भर अर्थतन्त्र र समृद्ध नेपाल'जस्ता अवधारणालाई नारा मात्र नभई कार्यान्वयनयोग्य रणनीतिमा रूपान्तरण गर्न आवश्यक छ । 'इन्डस्ट्री ४.०' अनुरूप औद्योगिक नीति परिमार्जन गर्दै 'एसआईआरआई' जस्ता अन्तर्राष्ट्रिय मापदण्ड अपनाउनु जरुरी छ, जसले उद्योगहरूको अवस्थाको मापन र सुधार सुनिश्चित गर्न सहयोग गर्छ ।

औद्योगिक पूर्वाधारमा लक्षित लगानीबिना यो रूपान्तरण सम्भव छैन । विशेष आर्थिक क्षेत्र, औद्योगिक पार्क, भरपर्दो ऊर्जा आपूर्ति र डिजिटल कनेक्टिभिटी स्मार्ट उद्योगका आधार हुन् । नेपालसँग जलविद्युत् जस्तो महत्वपूर्ण स्रोत उपलब्ध छ, जसलाई प्रभावकारी रूपमा उपयोग गर्न सकेमा उद्योगका लागि सस्तो र स्थिर ऊर्जा सुनिश्चित गर्न सकिन्छ ।

मानव संसाधन विकास अर्को महत्वपूर्ण पक्ष हो । केवल जनशक्ति उत्पादनभन्दा पनि गुणस्तरमा ध्यान दिनुपर्छ । 'टीभीईटी' प्रणाली सुधार, विश्वविद्यालय-उद्योग सहकार्य र एआई, रोबोटिक्स, डाटा विश्लेषणजस्ता सीपमा आधारित तालिमले मात्र वास्तविक परिवर्तन ल्याउन सक्छ । डिजिटल रूपान्तरणलाई प्रोत्साहन दिन उद्योगमैत्री नीति आवश्यक छ । 'ईआरपी' प्रणाली, 'इन्डस्ट्रियल एलओटी' र स्मार्ट फ्याक्ट्री प्रविधि अपनाउन उद्योगहरूलाई कर छुट, अनुदान र प्राविधिक सहयोग उपलब्ध गराउन सकिन्छ । विशेषगरी साना तथा मझौला उद्योगलाई लक्षित कार्यक्रमहरूले औद्योगिक रूपान्तरणलाई तीव्र बनाउन सक्छन् । नवप्रवर्तन र निजी क्षेत्रसँगको सहकार्य : नवप्रवर्तन र स्टार्टअप इकोसिस्टम सुदृढ नगरी औद्योगिक विकास अधुरो रहन्छ। 'आर एन्ड डी' कोष, इन्क्युबेसन केन्द्र र प्रारम्भिक लगानी कार्यक्रममार्फत युवा उद्यमशीलतालाई प्रोत्साहन गर्नुपर्छ। 'एक जिल्ला, एक औद्योगिक क्लस्टर' जस्ता अवधारणाले स्थानीय स्रोत र सीपको उपयोग गर्दै क्षेत्रीय सन्तुलनमा योगदान पुऱ्याउन सक्छ। व्यवसायमैत्री वातावरण निर्माण पनि उत्तिकै आवश्यक छ । 'ईजी अफ डुइङ बिजनेस' सुधार, नीतिगत स्थायित्व र 'एएए' मोडेलको विस्तारले निजी क्षेत्रको विश्वास जित्न सक्छ। सरकार र निजी क्षेत्रबिच सहकार्यबिना आर्थिक रूपान्तरण सम्भव छैन ।

नेपालको वर्तमान समय चुनौतीसँगै अवसरको पनि हो । यी चुनौतीहरू समाधान गर्न सरकारलाई दृढ इच्छाशक्ति, स्पष्ट दृष्टि र प्रभावकारी कार्यान्वयन आवश्यक छ । सही प्राथमिकता निर्धारण गर्दै पारदर्शी र उत्तरदायी शासन प्रणाली अपनाउन सकेमा नेपालले आफ्नो सम्भावनालाई वास्तविकतामा रूपान्तरण गर्न सक्छ । अब नेपालले औद्योगिक विकासलाई परम्परागत ढाँचामा सीमित राख्न हुँदैन । स्मार्ट, प्रतिस्पर्धात्मक र प्रविधिमैत्री औद्योगिक प्रणालीतर्फको रूपान्तरण आजको आवश्यकता मात्र होइन, भोलिको अस्तित्वको आधार पनि हो। यदि यसलाई स्पष्ट दृष्टि, दृढ इच्छाशक्ति र प्रभावकारी कार्यान्वयनसँग जोड्न सकियो भने 'समृद्ध नेपाल' केवल सपना होइन, यथार्थ बन्न सक्छ।





समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# भारतमा महिला आरक्षण विधेयक बहसमा

***एजेन्सी-*** भारतको संसद्मा महिलाका लागि एक तिहाइ सिट आरक्षण सुनिश्चित गर्ने ऐतिहासिक विधेयकमाथि बिहीबारदेखि बहस सुरु भएको छ।

यस कदमले महिलाको राजनीतिक प्रतिनिधित्व बढाउने अपेक्षा गरिए पनि निर्वाचन क्षेत्र पुनः सीमांकनसँग जोडिएकाले देशको राजनीतिक सन्तुलनमा गहिरो प्रभाव पार्न सक्ने बहस चर्किएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले अघि बताएको यो प्रस्ताव पारित भएमा संसद् र राज्य विधानसभामा महिलाका लागि ३३ प्रतिशत सिट अनिवार्य गर्ने सन् २०२३ को कानूनलाई व्यवहारमा छिटो लागू गर्नेछ। यो स्वतन्त्रता पछिको भारतमा राजनीतिक प्रतिनिधित्वमा सबैभन्दा ठूलो संरचनात्मक परिवर्तनमध्ये एक मानिनेछ, जसले महिलाको सहभागिता उल्लेख्य रूपमा बढाउने सम्भावना देखिएको छ।

तर, यही विधेयकलाई मतदाताको सिट सीमा पुनः निर्धारणसँग जोडिएको अर्को विवादास्पद प्रस्तावले जटिल बनाएको छ। उक्त पुनः सीमाङ्कन लागू भएमा लोकसभाको सिट सङ्ख्या हालको ५४३ बाट बढेर करिब ८५० पुग्न सक्ने अनुमान गरिएको छ। यस विषयले राजनीतिक वृत्तमा तीव्र बहस जन्माएको छ।

संसद्मा महिला आरक्षणप्रति व्यापक द्विदलीय समर्थन देखिए पनि निर्वाचन सीमाङ्कनसम्बन्धी प्रस्तावले विपक्षी दलहरूको गम्भीर चिन्ता बढाएको छ। उनीहरूले जनसङ्ख्याका आधारमा सिट पुनः निर्धारण हुँदा राजनीतिक शक्ति उत्तरी राज्यतर्फ केन्द्रित भई सत्तारूढ भारतीय जनता पार्टीलाई फाइदा पुग्न सक्ने आरोप लगाएका छन्। यो विधेयक संसद्को तीन दिने विशेष सत्रमा छलफलमा रहेको छ र पारित हुन दुवै सदनमा दुई तिहाइ बहुमत आवश्यक पर्नेछ।

एसियाली क्षेत्रका नेपाल र बङ्गलादेशजस्ता देशहरूले राष्ट्रिय संसद्मा महिलाका लागि यस्तै कोटा प्रणाली अपनाइसकेका छन्। भारतले स्थानीय निकायमा एक तिहाइ महिला आरक्षण लागू गरिसकेको भए पनि राष्ट्रिय संसद्मा महिलाको प्रतिनिधित्व हाल करिब १४ प्रतिशत मात्र छ।

समर्थकहरूले यो आरक्षणले सयौँ महिलालाई प्रत्यक्ष रूपमा विधायिकी राजनीतिमा ल्याउने र महिला स्वास्थ्य, शिक्षा तथा लैङ्गिक हिंसासम्बन्धी नीतिमा सकारात्मक परिवर्तन ल्याउने दाबी गरेका छन्। तर विस्तारित संसद्मा सिट बाँडफाँड कसरी गर्ने भन्ने विषय अझै स्पष्ट छैन।

महिला अधिकारकर्मी रञ्जना कुमारीले यो कदमलाई भारतको लोकतन्त्रलाई अझ प्रतिनिधिमूलक बनाउने अवसरका रूपमा व्याख्या गरे। उनका अनुसार राजनीतिक दलहरू अब थप महिला उम्मेदवार खडा गर्न बाध्य हुनेछन्। युवापुस्तामा पनि यो प्रस्तावले उत्साह जगाएको छ। २३ वर्षीया कानून स्नातक प्रणिता गुप्ताले यसले महिलालाई राजनीतिमा सक्रिय हुने आत्मविश्वास दिने बताए। उनका अनुसार संसद्मा महिलाको उपस्थितिले सहभागिताको सोचलाई नै परिवर्तन गर्न सक्छ।

तर सबैभन्दा ठूलो विवाद निर्वाचन क्षेत्र पुनः सीमाङ्कन प्रक्रियामा केन्द्रित छ, जुन सन् २०११ को जनगणनाको आधारमा अघि बढाइने भनिएको छ। यसले लामो समयदेखि रोकिएको निर्वाचन क्षेत्रहरूको सीमांकन (कुन क्षेत्रबाट कति सांसद चुनिने भन्ने भूगोल पुनः निर्धारण गर्ने प्रक्रिया) फेरि सुरु हुन सक्ने देखिएको छ।

विपक्षी दलहरूले जनसङ्ख्याका आधारमा सीमांकन गर्दा शक्ति सन्तुलन उत्तर भारततर्फ झुक्ने र दक्षिणी राज्यहरूको प्रतिनिधित्व घट्ने चेतावनी दिएका छन्। उनीहरूको भनाइमा यसले राजनीतिक प्रभाव मात्र नभई क्षेत्रीय असन्तुलन पनि बढाउन सक्छ। साथै, यो प्रक्रिया सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) को पक्षमा अनुकूल हुन सक्ने आरोपसमेत लगाइएको छ।

भारतको संविधानले प्रत्येक जनगणनापछि सिट पुनः निर्धारण गर्नुपर्ने व्यवस्था गरेको भए पनि सन् १९७१ यता यो प्रक्रिया रोकिएको छ। लगातार सरकारहरूले जनसङ्ख्या असन्तुलनका कारण यसलाई स्थगित गर्दै आएका थिए।

दक्षिणी राज्यका नेताहरूले पनि आपत्ति जनाउँदै यसले ती क्षेत्रहरूलाई राजनीतिक रूपमा कमजोर बनाउने र उत्तर भारतलाई असमान रूपमा फाइदा दिने बताएका छन्। जनसङ्ख्या नियन्त्रणमा सफलता हासिल गरेका दक्षिणी राज्यहरू यस प्रक्रियाबाट दण्डित हुन सक्ने उनीहरूको दाबी छ। राजनीतिक प्रतिक्रिया तीव्र बन्दै गएको छ। सत्तारूढ पक्षले भने आलोचनालाई अस्वीकार गर्दै संसदीय मामिलामन्त्री किरेन रिजिजुले चिन्ताहरूलाई भ्रामक बताए।

तर, विरोधका संकेतहरू सार्वजनिक रूपमा देखिन थालेका छन्। तमिलनाडुका मुख्यमन्त्री एम। के। स्टालिनले विधेयकको प्रतिलिपि जलाउँदै कालो झण्डासहित विरोध जनाए र राज्यव्यापी विरोध आह्वान गरेका छन्। दक्षिणी राज्यका केही सांसदहरू संसद्मा कालो पोशाकमा उपस्थित भएर असन्तोष प्रकट गरेका छन्।

विपक्षी नेता राहुल गान्धीले पनि सीमांकन प्रक्रियालाई सत्तारूढ दलको राजनीतिक लाभका लागि प्रयोग गर्न सकिने भन्दै आलोचना गरे। उनले यसलाई पारदर्शी र सर्वसम्मत प्रक्रियामार्फत मात्र अघि बढाउनुपर्ने बताए।

## साना........

सामाजिक सम्बन्ध मजबुत रहँदै आएको छ।

यस विषयमा पूर्व राज्यमन्त्री तथा जनता समाजवादी पार्टी नेपाल का नेता योगेन्द्र यादवले सरकारको निर्णयको कडा आलोचना गरेका छन्। उनका अनुसार यस्तो कदमले मधेशका जनताको जीवन कष्टकर बनाउनुका साथै नेपाल-भारतबीचको ऐतिहासिक सम्बन्धमा समेत असर पार्ने खतरा रहेको छ।

उनले सरकारलाई यस्तो जनविरोधी निर्णय तुरुन्त फिर्ता लिन माग गर्दै सीमावर्ती क्षेत्रको विशेष अवस्था र संवेदनशीलतालाई ध्यानमा राखेर नीति निर्माण गर्नुपर्नेमा जोड दिएका छन्। स्थानीयवासीहरूले पनि सरकारसँग व्यवहारिक समाधानको अपेक्षा गरेका छन्। उनीहरूका अनुसार सीमा क्षेत्रमा साना सामानको सहज आवतजावत र सवारी प्रयोगमै कडाइ गरिँदा व्यापार, रोजगारी र सामाजिक सम्बन्ध सबै प्रभावित भएका छन्। यदि यस्ता नीतिहरूमा समयमै पुनर्विचार नगरे सीमावर्ती क्षेत्रमा असन्तुष्टि थप चर्किन सक्ने देखिन्छ। त्यसैले सरकारले सुरक्षा, राजस्व र जनजीवनबीच सन्तुलन कायम गर्दै मध्यमार्गी नीति अवलम्बन गर्नु अहिलेको आवश्यकता बनेको सरोकारवालाहरूको भनाइ छ।

## परवानीपुर.....

पंकज चौधरी, पूर्व फुटबल खेलाडी बिनोद न्यौपाने, प्रहरी चौकी परवानीपुरका इन्चार्ज शक्ति श्रेष्ठलगायतको उपस्थिति रहेको थियो। यसअघि प्रतियोगिताको अन्तिम तयारीका क्रममा आयोजकले स्थानीय समाजसेवी, राजनीतिक दलका प्रतिनिधि, खेलाडी, सञ्चारकर्मी तथा सुरक्षाकर्मीहरूको सहभागितामा खेलमैदानमै अन्तरक्रिया कार्यक्रम पनि सम्पन्न गरेको थियो।

उक्त अन्तरक्रियामा सहभागीहरूले खेलकुदलाई राजनीतिक प्रभावबाट टाढा राख्दै स्वच्छ र निष्पक्ष रूपमा प्रतियोगिता सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए।

# बारा जिल्लामा पूर्वाधार परियोजनामा सूचना बोर्ड अनिवार्य, पारदर्शितामा वृद्धि हुने अपेक्षा

***शु.आ. सम्बाददाता***
***कलैया, ०३ बैशाख***

बारा जिल्लामा सञ्चालन हुने कुनै पनि पूर्वाधार निर्माण कार्यमा अबदेखि परियोजनासम्बन्धी सम्पूर्ण विवरणसहितको सूचना बोर्ड अनिवार्य रूपमा राखिने व्यवस्था लागू गरिएको छ। यसअन्तर्गत परियोजनाको नाम, लागत, ठेकेदार कम्पनी, निर्माण अवधि, स्रोत तथा जिम्मेवार निकायलगायतका विवरण स्पष्ट रूपमा सार्वजनिक स्थानमै देखिने गरी राख्नुपर्नेछ।

यस व्यवस्थालाई पारदर्शिता अभिवृद्धि, सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्ने तथा निर्माण कार्यको गुणस्तरमाथि नागरिक निगरानीलाई प्रभावकारी




बनाउने महत्वपूर्ण कदमका रूपमा लिइएको छ। स्थानीयवासीले अब कुनै पनि आयोजना कहाँ, कसरी र कति बजेटमा भइरहेको छ भन्ने जानकारी सहजै प्राप्त गर्न सक्नेछन्।

पूर्वाधार विकास कार्यालय, कलैयाका प्रमुख राजेन्द्र साहले यो व्यवस्थालाई सुशासनतर्फको महत्वपूर्ण पहल भएको बताएका छन्। उनका अनुसार, सूचना बोर्ड अनिवार्य गरिएपछि आयोजना कार्यान्वयनमा देखिने ढिलासुस्ती, अनियमितता र गुणस्तरहीन काममा नियन्त्रण गर्न मद्दत पुग्नेछ।

"अब प्रत्येक आयोजनास्थलमा परियोजनाको सबै विवरण स्पष्ट रूपमा देखिने सूचना बोर्ड राख्न अनिवार्य गरिएको छ। यसले काममा पारदर्शिता ल्याउने मात्र होइन, जनताले पनि प्रत्यक्ष रूपमा निगरानी गर्न सक्ने अवस्था सिर्जना गर्छ," प्रमुख साहले बताए।

स्थानीय सरोकारवालाहरूले समेत यस निर्णयलाई सकारात्मक रूपमा लिँदै यसले विकास निर्माणमा जनसहभागिता र जवाफदेहिता बढाउने विश्वास व्यक्त गरेका छन्।

**सावधान रहौं, आगलागीबाट बचौं।**

गर्मी महिना शुरू भएसँगै आगलागीका घटनाहरू बढी हुने गर्दछ। हाम्रो सानो असवाधानीले ठूलो जनधनको क्षति हुने गर्दछ। त्यसैले आगलागीबाट जोगिन सावधानी अपनाऔं।

१. सलाई, लाईटर जस्ता आगोजन्य पदार्थ बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस्। भान्साको काम सकेपछि आगो निभाउन नबिर्सौं।
२. घर-अफिस तथा सम्वेदनशिल स्थानमा आगो निभाउन यन्त्र राखौं।
३. आगलागी भएमा चिच्याएर जानकारी गराउँदै सुरक्षित स्थानमा जाऔं।
४. घरभित्र लुक्ने प्रयास नगर्नें, घरबाहिर निस्केपछि सबै परिवार आए-नआएको यकिन गरौं।
५. धुवाँ भएको स्थानबाट निस्कदा घोप्टो परेर वा घस्रेर निस्कौं।
६. शरिरभको कपडामा आगोले टिप्यो भने नदौडिकन आगो निभाएर मात्रै भागौं।
७. पेट्रोल, मट्टीतेल लगायतका प्रज्जवनशील पदार्थहरू बच्चाको पहुँचबाट टाढा राखौं।
८. आगो नियन्त्रण नहुने भएमा वारूणयन्त्र वा प्रहरीको १०० नम्बरमा फोन गरी जानकारी गराऔं।

**करैयामाई गाउँपालिका**
**करैया, बारा**

**रौटहट मेडिसिन**
प्रदेशिक अस्पताल, गौर के सामने
9855021172/9816826057
प्रदेश नं.-२ मा सफल मुटु को जाली द्वारा अप्रेशन संचालन गर्ने ईन्टरभेन्सन मुटुको डाक्टर



NMC NO. 6369
**डा. जितेन्द्र कुमार मिश्रा**
सह-प्राध्यापक (Associate Professor)
हेड-मुटु रोग विभाग
नेशनल मेडिकल कालेज, वीरगंज
एम. बि. बि. एस., एम. डी.
Cardiology-Pakistan
बरिष्ठ मुटुरोग विशेषज्ञ
(१) मुटु सम्बन्धि सुविधाहरू:
- ECG - इ.सी.जी.
- ECHO - ईको (मुटुको भिडियो एक्स-रे)
- TMT - (दौडाएर मुटुको चाल हेर्ने)
- एन्जियोग्राफी (मुटुको बन्द रक्त संचार जाँच गर्ने)
- एन्जियोप्लाष्टि (जाली द्वारा मुटुको बन्द रक्त संचार खोल्ने)
- पेस मेकर (मुटुको चालमा गडबडी भएमा बैट्री हालेर ठिक गर्ने)

(२) मुटु सम्बन्धि जाँच गराउनु पर्ने अवस्थाहरू
(क) ब्लड प्रेसर भएमा (HTN)
(ख) सुगर भएमा (DM)
(ग) हिड्ने बेलामा छातीमा दुख्ने अथवा भएमा
(घ) हिड्ने बेलामा दम फुल्ने अथवा स्याँ - स्याँ भएमा
(ङ) मुटु ढुक - ढुक भएमा

ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - बहुदरमाई नगरपालिका पर्सा

# कपोकल्पित समाचारप्रति प्रहरीको चेतावनी, अनुसन्धानमा असर नपुऱ्याउन आग्रह

***शु. आ. सम्बाददाता***
***पर्सा, ०३ वैशाख***

जिल्ला प्रहरी कार्यालय पर्सा ले संवेदनशील आपराधिक मुद्दासम्बन्धी कपोकल्पित र आधारहीन समाचार प्रसारण नगर्न सञ्चारमाध्यम तथा सरोकारवालालाई आग्रह गरेको छ।




कार्यालयद्वारा जारी प्रेस-विज्ञप्तिमा सम्मानित उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जबाट प्राप्त परमादेशअनुसार रामबाबु साह सोनार जाहेरवाल रहेको ज्यान मार्ने उद्योग मुद्दा विधिवत रूपमा दर्ता भई हाल अनुसन्धानकै चरणमा रहेको उल्लेख गरिएको छ। प्रहरीका अनुसार उक्त घटनासम्बन्धी केही सञ्चारमाध्यममा अपुष्ट, भ्रामक तथा कपोकल्पित सूचनाहरू प्रसारण भएको पाइएकाले यसप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। "अनुसन्धानजस्तो संवेदनशील विषयमा आधारहीन सूचना प्रसारण गर्दा अनुसन्धान प्रक्रियामा असर पर्न सक्ने भएकाले यस्ता गतिविधि नगर्न अनुरोध गरिन्छ," विज्ञप्तिमा भनिएको छ। प्रहरीले सत्य तथ्य र प्रमाणका आधारमा मात्रै अनुसन्धान अगाडि बढिरहेको स्पष्ट पार्दै सार्वजनिक रूपमा फैलाइने अपुष्ट सूचनाले समाजमा भ्रम सिर्जना गर्नुका साथै कानुनी प्रक्रियामा समेत असर पुऱ्याउन सक्ने जनाएको छ।

विज्ञप्तिमा सञ्चारमाध्यमलाई जिम्मेवार पत्रकारिता गर्न आग्रह गर्दै पुष्टि नभएका विवरणहरू प्रकाशन-प्रसारण नगर्न विशेष अनुरोध गरिएको छ। साथै, आम नागरिकलाई पनि अफवाहमा नलाग्न र आधिकारिक स्रोतबाट प्राप्त जानकारीलाई मात्र विश्वास गर्न आग्रह गरिएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साले निष्पक्ष र तथ्यमा आधारित अनुसन्धानप्रति आफू प्रतिबद्ध रहेको जनाउँदै अनुसन्धान पूरा भएपछि यथार्थ विवरण सार्वजनिक गरिने जानकारी दिएको छ।

# बसन्तपट्टीमा निःशुल्क आँखा शिविर, २८ जनाको शल्यक्रिया हुने

***शु.आ. सम्बाददाता***
***रौतहट , ०३ बैशाख***

रौतहटको परोहा नगरपालिका-६ बसन्तपट्टीमा एक दिने वृहत् नि:शुल्क आँखा परीक्षण तथा मोतिविन्दु छनोट शिविर सम्पन्न भएको छ। ग्रामीण क्षेत्रका नागरिकलाई आँखासम्बन्धी स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले आयोजना गरिएको शिविरबाट २६१ जना स्थानीय लाभान्वित भएका छन्। रुइत फाउन्डेसनको सहयोग तथा नेपाल नेत्रज्योति संघ गौर आँखा अस्पताल पुरेनवाको प्राविधिक सहकार्यमा सञ्चालन भएको शिविरमा श्री कृषक कृषि सहकारी संस्था लिमिटेडले समन्वय गरेको थियो। शिविर अन्होतीलाल माध्यमिक विद्यालयको प्राङ्गणमा बुधबार आयोजना गरिएको हो। शिविरमा १२६ महिला र १३५ पुरुष गरी २६१ जनाको आँखाको परीक्षण गरिएको थियो। परीक्षणका क्रममा ८७ जनालाई नि:शुल्क चश्मा वितरण गरिएको छ भने ६५ जनालाई औषधि प्रदान गरिएको छ। जाँचका क्रममा २८ जनामा मोतिविन्दुको समस्या देखिएको छ। ती बिरामीहरूको गौर आँखा अस्पतालमा नि:शुल्क शल्यक्रिया गरिने शिविर संयोजक सत्येन्द्र पाण्डेले जानकारी दिए। उनका अनुसार शल्यक्रियाका लागि छानिएका बिरामीलाई अस्पतालसम्म लैजाने, उपचार गर्ने र पुन: घरसम्म पुऱ्याउने सम्पूर्ण व्यवस्था नि:शुल्क गरिनेछ।



शिविरमा दक्ष स्वास्थ्यकर्मीहरूको टोलीले सेवा दिएको थियो। आर्थिक अभाव र चेतनाको कमीका कारण उपचारबाट वञ्चित रहेका स्थानीयले गाउँमै विशेषज्ञ सेवा पाउँदा खुसी व्यक्त गरेका छन्। उनीहरूले यस्ता कार्यक्रम आगामी दिनमा पनि निरन्तर सञ्चालन गर्न माग गरेका छन्।

# प्रतिनिधिसभा विषयगत समितिका सभापतिहरु निर्विरोध, रास्वपाले अधिकांश समितिमा नेतृत्व पाउने

***काठमाडौं, ०३ वैशाख***

प्रतिनिधिसभा अन्तर्गतका विषयगत समितिहरूले लामो समयपछि नयाँ नेतृत्व पाउने भएका छन्। समितिका सभापतिहरूको मनोनयनका लागि तोकिएको समयसीमाभित्र अधिकांश समितिमा एक-एक जनाको मात्र उम्मेदवारी परेपछि सबै सभापतिहरू निर्विरोध निर्वाचित भएका हुन्।




संसद् सचिवालयका अनुसार ११ वटा समितिमध्ये १० वटा समितिमा एकल उम्मेदवारी परेपछि ती समितिका सभापतिहरू निर्विरोध चयन भएका छन्। उनीहरूको औपचारिक घोषणा भोलि शुक्रबार बस्ने समितिको बैठकले गर्नेछ।

प्रतिनिधिसभामा १८२ सांसदसहित बहुमतमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अधिकांश विषयगत समितिको नेतृत्व पाएको छ। रास्वपाबाट कानुन, न्याय तथा मानवअधिकार समितिको सभापतिमा समीक्षा बाँस्कोटा, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा अशोककुमार चौधरी चयन भएका छन्। त्यस्तै पूर्वाधार विकास समितिमा आशिष गजुरेल, महिला तथा सामाजिक मामिला समितिमा आकृति अवस्थी, राज्य व्यवस्था तथा सुशासन समितिमा हरि ढकाल, उद्योग, वाणिज्य तथा श्रम समितिमा रहबर अन्सारी, अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिमा सुम्निमा उदास र अर्थ समितिमा कृष्णहरि बुढाथोकी निर्विरोध भएका छन्। संयुक्त समितिका रूपमा रहेको संसदीय सुनुवाइ विशेष समितिको सभापतिमा बोधनारायण श्रेष्ठ निर्विरोध चयन भएका छन्।

यसैबीच, सार्वजनिक लेखा समितिको सभापति पद प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसलाई दिने सहमति भएपछि कांग्रेस सांसद भरतबहादुर खड्का निर्विरोध निर्वाचित भएका छन्। रास्वपाले उक्त पद प्रतिपक्षलाई दिने निर्णय गरेपछि सो समितिमा अन्य उम्मेदवारी परेन।

गत चैत २७ गते सभामुख डोलप्रसाद अर्यालले समितिका सदस्यहरूको नाम घोषणा गर्दै सभापति निर्वाचनको कार्यतालिका सार्वजनिक गरेका थिए।

लामो समयदेखि नेतृत्वविहीन रहेका संसदीय समितिहरूले पूर्णता पाएसँगै अब सरकारका कामकारबाहीमाथिको निगरानी र विधेयक निर्माण प्रक्रिया थप प्रभावकारी हुने अपेक्षा गरिएको छ।

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

# विपन्न परिवारलाई रास्वपाका युवा नेता साहद्वारा खाद्यान्न सहयोग

***हरि किशोर शर्मा***
***पर्सा, ०३ वैशाख***

समाज सेवामा सक्रिय राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का युवा नेता तथा समाजसेवी पशुराम साह ले पर्साको जिराभवानी क्षेत्रमा एक अति विपन्न परिवारलाई खाद्यान्न सामग्री सहयोग गरेका छन्।



जगरनाथपुर गाउँपालिका-१ लक्ष्मीपुर टोलमा बसोबास गर्ने उक्त परिवारमा कामकिरिया (अन्त्येष्टि संस्कार) सञ्चालन गर्न आर्थिक अभाव भएको जानकारी पाएपछि साहले आवश्यक सहयोग प्रदान गरेका हुन्।

उनका अनुसार पीडित परिवारलाई चामल, दाल, तेल, आलु, प्याज लगायतका दैनिक उपभोग्य खाद्यान्न सामग्रीसँगै केही नगद सहयोगसमेत उपलब्ध गराइएको छ। आर्थिक अभावका कारण संस्कार सम्पन्न गर्न कठिनाइ भोगिरहेको परिवारलाई राहत पुऱ्याउने उद्देश्यले सहयोग गरिएको उनले बताए।

यस अवसरमा साहले राजनीति मात्र नभई समाज सेवामा पनि सक्रिय हुनुपर्ने आवश्यकता औंल्याए। उनले भने, "राजनीति त हुँदै गइरहेको छ, तर त्यससँगै समाज सेवामा पनि हामी सबैले हातेमालो गर्नुपर्छ। सानो सहयोगले पनि कसैको जीवनमा ठूलो राहत दिन सक्छ।"

सहयोग प्राप्त गरेपछि परिवारका सदस्यहरूले साहप्रति आभार व्यक्त गरेका छन्। साथै उनीहरूले दिवंगत सदस्यको आत्माको शान्ति र परिवारको भविष्य सुखमय होस् भनी कामना गरेका छन्।

स्थानीयवासीहरूले पनि साहको यस सहयोगी कार्यको प्रशंसा गर्दै यस्ता सामाजिक पहलहरूले समाजमा सकारात्मक सन्देश प्रवाह हुने बताएका छन्।

# नागरिकतासँगै बायोमेट्रिकः पर्सामा एकद्वार सेवा सुरू

***शु. आ. सम्बाददाता***
***पर्सा, ०३ बैशाख***

जिल्ला प्रशासन कार्यालय पर्सा ले बिहीबारदेखि नयाँ नागरिकता लिने सेवाग्राहीका लागि राष्ट्रिय परिचयपत्रसम्बन्धी 'बायोमेट्रिक' विवरण संकलन सेवा एकै स्थानबाट सुरु गरेको छ।




नयाँ व्यवस्थासँगै अब पर्साका सेवाग्राहीले नागरिकता प्राप्त गरेलगत्तै सोही स्थानबाट राष्ट्रिय परिचयपत्रका लागि आवश्यक प्रक्रिया पूरा गर्न सक्ने भएका छन्। यसले नागरिकता लिएपछि पुनः छुट्टै प्रक्रिया पूरा गर्न अर्को लाइनमा बस्नुपर्ने झन्झटको अन्त्य गर्ने अपेक्षा गरिएको छ।

कार्यालयका प्रमुख जिल्ला अधिकारी भोला दाहाल का अनुसार नयाँ नागरिकता लिने सेवाग्राहीका लागि छुट्टै 'बायोमेट्रिक स्टेशन' थप गरी एकद्वार प्रणाली कार्यान्वयनमा ल्याइएको हो। "दैनिक औसत ५० देखि ६० जनाले नयाँ नागरिकता लिने गरेको अवस्थालाई मध्यनजर गर्दै सेवाग्राहीमैत्री व्यवस्था सुरु गरिएको हो," उनले बताए।

यसअघि नागरिकता प्राप्त गरेपछि राष्ट्रिय परिचयपत्र बनाउन छुट्टै प्रक्रिया पूरा गर्नुपर्ने र पटक-पटक कार्यालय धाउनुपर्ने बाध्यता थियो। नयाँ प्रणालीले समय, खर्च र झन्झट दुवै घटाउने विश्वास प्रशासनको छ।

हालका लागि यो सेवा नयाँ नागरिकता लिने सेवाग्राहीहरूका लागि मात्र लागू गरिएको छ। प्रतिलिपि (डुप्लिकेट) नागरिकता लिनेहरूको हकमा भने केही समयपछि यो सुविधा विस्तार गरिने कार्यालयले जनाएको छ।

सेवाग्राहीहरूले नयाँ व्यवस्थाले सेवा प्रवाहमा सहजता ल्याएको बताएका छन् भने प्रशासनले आगामी दिनमा थप सुधार गर्दै सेवा अझ प्रभावकारी बनाउने प्रतिबद्धता जनाएको छ।

# छड्के निरीक्षणपछि ६३२ कर्मचारी माथि कारबाही सिफारिस

***काठमाडौं, ०३ बैशाख***

विभिन्न सरकारी कार्यालयमा गरिएको छड्के निरीक्षणका क्रममा देखिएका अनुशासनहीनता र समयपालनमा कमजोरीका आधारमा राष्ट्रिय सतर्कता केन्द्रले ६३२ जना कर्मचारीमाथि कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरेको छ।



केन्द्रले सेवा प्रवाह बढी हुने सरकारी कार्यालयहरूलाई लक्षित गरी गरेको अनुगमनका क्रममा कार्यालय समयमा अनुपस्थित रहने तथा कार्यसम्पादनमा लापरबाही गर्ने कर्मचारीहरू पहिचान गरिएको जनाएको छ।

केन्द्रका प्रवक्ता नारायणप्रसाद भट्टका अनुसार त्यस्ता कर्मचारीमाथि प्रचलित निजामती सेवा ऐनअनुसार सम्बन्धित कार्यालय प्रमुखमार्फत चेतावनी पत्र जारी गर्ने प्रक्रिया अघि बढाइनेछ। जारी गरिएका चेतावनीको अभिलेख सम्बन्धित कार्यालयमै सुरक्षित राखिने व्यवस्था रहनेछ। उनका अनुसार ऐनअनुसार दुई पटकसम्म चेतावनी प्राप्त गरेपछि सम्बन्धित कर्मचारीमाथि थप विभागीय कारबाही हुने प्रावधान छ। प्रारम्भिक चरणमा समयपालन नगर्ने तथा कार्यसम्पादनमा कमजोरी देखाउने कर्मचारीलाई चेतावनीका लागि सिफारिस गरिएको उनले बताए।

केन्द्रले केही कर्मचारीमाथि आवश्यक कारबाही प्रक्रिया अघि बढिसकेको जानकारी पनि दिएको छ। साथै, दैनिक सेवा प्रवाह हुने कार्यालयहरूमा नियमित छड्के अनुगमन जारी राखिएको जनाइएको छ। प्रदेश तहमा समेत निगरानी विस्तार गर्दै प्रत्येक प्रदेशका एक-एक जिल्लामा विशेष अनुगमन अभियान सञ्चालन भइरहेको केन्द्रले जनाएको छ। जनसम्पर्क बढी हुने सरकारी कार्यालयहरूमा केन्द्रित अनुगमन अझ कडाइका साथ अघि बढाइने बताइएको छ।

**मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका